जिविस लमजुङले आव २०७४/७५ को पूर्व योजाना तर्जुमा गोष्टी २०७३ मंसिर १४ गते सम्पन्न गरेको छ | जिविसको सभा हलमा आयोजित कार्यक्रम स्थानीय विकास अधिकारी शेखर पौड्यालको अधक्ष्यतामा भएको थियो | कार्यक्रममा माननीय सांसदहरु टुका हमाल, जमिन्द्रमान घले, लालबहादुर गुरुङ, प्रमुख जिल्ला अधिकारी, राजनैतिक दलका प्रमुख तथा प्रतिनिधि, जिल्लाका सरकारी कार्यालयका प्रमुखहरु, उद्योग बाणिज्य संघ, गैर सरकारी कार्यालयका प्रतिनिधि हरु र जिविसका कर्मचारी हरु उपस्थिति रहेको थियो |

जिविसका कार्यक्रम अधिकृत मेघेन्द्र पोखरेलले योजना तर्जुमा सम्बन्धी कानुनी प्रावधान, जिल्लाका विकासका सम्भावना र चुनौतिहरु, बिषयगत उदेश्य तथा प्रतिफल, आवधिक जिल्ला विकास योज़नाले लिएका लक्ष्य र वर्तमान अवस्था, राष्ट्रिय योजना आयोग बाट जिल्ला लाई प्राप्त बजेट सिमा बारे जानकारी गराउनु भएको थियो | सहभागी माननीय सांसद ज्यू हरुले योजाना छनोट र कार्यन्वयनमा आफुहरुको सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नु भएको थियो | अन्य सहभागीले समानुपातिक रुपमा योजना छनोट र जनताको जीवन स्तर सुधारको निम्ति ध्यान दिन जोड दिएका थिए | आफ्नो समापन मन्तब्य राख्दै स्थानीय विकास अधिकारी शेखर पौड्याल ले बिगत मा भएका कमजोरी हरु सुधार्दै लैजाने विचार व्यक्त गर्दै योजना छनोट प्रकिया लाई अझ बडी जनसहभागिता मुलक बनाउन सबैको सहयोग रहेको बताउनुभयो| योजना छान्ने बेलामा जस्तै कार्यन्वयनमा नि सक्रिय हुन सबै पक्ष लाई आग्रह गर्नु भएको थियो | विभिन्न निर्णय हरु गर्दै कार्यक्रम समापन भएको थियो | कार्यकम संचालन जिविसका कार्यक्रम अधिकृत शिव रेग्मीले गर्नु भएको थियो |